# खाँदबारी नगरपालिकाको अत्यन्त जरुरी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०७६।९।८ गते

खाँदबारी नगरपालिकाको स्विकृत बार्षिक कार्यक्रम अनुसार "हाम्रो खाँदबारी राम्रो खाँदबारी" नामक दैनिक रेडियो कार्यक्रम हरेक दिनको बेलुका ७.१५ बजेदेखि ७.३० बजेसम्म प्रशारण भईरहेको छ । उक्त कार्यक्रमका लागि स्थानीय लोकलयमा आधारित गित सहितको सिग्नेचर धुनको आबश्यक परेको हुँदा ईन्छुक संघ, सँस्था, संचार माध्यम, फर्म वा ब्यवसयीहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र)मूल्यांकनबाट दिन भित्र स्थानीय लोकलयमा आधारित गित सहितको सिग्नेचर धुनको नमुना पेश गर्नुहुन र पेश गरेका धुनहरु मध्येबाट उत्कृष्ठ छनौट भएको गित र धुनलाई रु.४०,०००। -चालिस हजार)परस्कार प्रदान गरिने छ भनि प्रथम पटक सूचना प्रकाशन भएकोमा आवस्यक धुन र गित उपलब्ध हुन नसकेको हुँदा दोस्रो पटक यो सूचना प्रकासित भएको मितिले ७ सात दिन भित्र स्थानीय लोकलयमा आधारित गित सहितको सिग्नेचर धुन (Dummy) पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

## गित र धुनमा हुनुपर्ने बिशेषताहरु

१. नगरको भौगोलिक,सास्कृतिक,ऐतिहासिक,पहिचान खुल्ने देशभक्ति र राष्ट्र भक्तिले आतप्रोत भएको नगरबासीकोदायित्व र अधिकार झल्कने उल्लेख्य शब्द भएको नगर गित हुनुपर्नेछ ।

२. मौलिक सस्कृतिक झल्कने स्थानीय बाद्यबादन समेट्ने, सुनाईमा कर्णप्रिय, अनुभूतिमा जागरुक र क्रियाशिल वनाउने मौलिकपन भएको सिग्नेचर धुन हुनुपर्नेछ ।

३. गित कम्तिमा ३ मिनेटको हुनुपर्नेछ ।

खाँदबारी नगरपालिका कार्यालय

प्रमुख प्रशासकीय अधिकृत